# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १४ गते २०१४ साल

### गृहसचिवालयको सूचना

योजना मण्डलका सदस्यहरूको मर्यादाक्रम र मेहनतानासमेत निम्न-लेखिएबमोजिम हुने ०१४-९-६-१ मा सरकारको निर्णय भएको छ ।

तपसील

१. योजना मण्डलका सभापति श्री ५ माहिला अधिराजकुमार हिमालय-वीरविक्रम शाहदेव अवैतनिकरूपमा सो योजना मण्डलको काम गर्ने, मर्यादाक्रमको हकमा यथास्थिति नै रहनेछ ।

२. उक्त योजना मण्डलको बैठक हुँदा उपसभापति बाहेक अरू सदस्य-हरू एकै सरह बराबरीको दर्जामा मानिनेछन् । तथा योजना मण्डलको बैठक बाहेक राजकीय समारोह आदिमा उपसभापति ज. श्री किरण-शमशेरको मर्यादाक्रमको हकमा मिलिटरीको जनरल पूरा जनरल सरह र सदस्यहरूको मर्यादाक्रमको हकमा नेपाल सरकारका चीफ सेक्रे-टरी सरह हुनेछ ।



५५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. अर्को व्यवस्था नभएसम्म योजना मण्डलका उपसभापतिको तलब मो. रु. ६००।- ( छ सय ) खाई पाइआएको पेन्सन गरी र सवारी भत्ता २००।-- ( दुइ सय ) हुनेछ र योजना मण्डलका सद्स्यहरूको तलब मो.रू. ५००। - ( पाँच सय ) र सवारी भत्ता २००।-- [ दुइ सय ] हुनेछ ।

४ पेन्सन कमिश्नर श्री कुलनाथलाई योजना मण्डलको सदस्य कम सेक्रेटरी गरिदिने र मर्यादाक्रमको हकमा योजना मण्डलका अरू सदस्य सरह गरी अर्को व्यवस्था नभएसम्म निजले खाई पाइआएको तलब नै कायम गर्ने ।

५. योजना मण्डलका सभापतिले भर्ना गर्न पाउने गरी वहाँको निमित्त नेपाल सरकार पे स्केलबमोजिम तलब भत्ता खान पाउने गजेटेड पर्सनल आसिष्टेण्ट एकको दरबन्दी भएको छ ।

सरकारको आज्ञाले-
लक्ष्मीनाथ,
का. मु. सेक्रेटरी-गृहसचिवालय.

## गृहसचिवालयको सूचना

राष्ट्रपरिषद्का सदस्यहरूको मर्यादाक्रम र मेहनताना निम्नलेखिएबमोजिम हुने १६।६।२०१४ मा सरकारको निर्णय भएको छ।

तपसील

१. राष्ट्रपरिषद्का अध्यक्ष श्री ५ कान्छा अधिराजकुमार वसुन्धरावीरविक्रम शाहदेव अवैतनिक रूपमा सो परिषद्को काम गर्ने, मर्यादाक्रमको हकमा यथास्थित नै रहनेछ ।

२. उक्त परिषद्को पदेन सदस्य हुनेहरू बाहेक अरू सदस्यहरूको मेहनताना मोरु. १०००।- (एक हजार) र सवारी भत्ता मोरू. २००। (दुइ सय) गरी जम्मा मासिक मोरु. १२००। (बाह्र सय) हुनेछ ।

३. परिषद्को बैठक हुँदा सबै सदस्यहरू एकै सरहराबरीको दर्जामा मानिने छ । तथा परिषद्को बैठक बाहेक राजकीय समारोह आदिमा पदेन सदस्य हुनेहरू बाहेक अरू सदस्यहरूको मर्यादाक्रम मन्त्रिमण्डलका सदस्यसरह हुनेछ ।

सरकारको आज्ञाले—
लक्ष्मीनाथ.
का. मु. सेक्रेटरी- गृहसचिवालय.

२५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## गृहसचिवालयको सूचना

नेपाल न्याय सेवा (गठन) नियम २०१३ को नियम ७ अन्तर्गतको सल्लाहकार समितिका सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बिष्ट सर्वोच्च अदालत दौडाहा काज खटिनुभएकोले वहाँको अनुपस्थितिमा सर्वोच्च अदालतका माननीय अतिरिक्त न्यायाधीश श्री रङ्गनाथ उप्रेतीलाई सो समितिका सदस्यमा नियुक्ति गरिएको छ ।

सरकारका आदेशबमोजिम–
लक्ष्मीनाथ,
का. मु. सेक्रटरी–गृहसचिवालय.

## गृहसचिवालयको सूचना

निजामती कर्मचारीहरूको बिचमा टुटेको नोकरी जोडने नीति निर्धारित भ १२।५।६ मा गजेट प्रकाश भएकोमा सो गजेट प्रकाश भएका मितिदेखि पछि रिटायर भएको र बहाल रहेका जवानको शुरू नोकरी गरेका अवस्थादेखि बिच बिचमा टुट हुन गएकोमा सो गजेटकै रूल नियमबमोजिम जोडन पाउने गरी १४।७।२०१३ मा सरकारी निर्णय भएको छ ।

सरकारका आदेशबमोजिम–
लक्ष्मीनाथ,
का. मु. सेक्रेटरी– गृहसचिवालय

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।